# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।१०।११ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सुनसरी, बर्जु गाउँपालिका वडा नं.-५ स्थित श्री महेन्द्र आधारभूत बिद्यालयका तत्कालीन प्रधानाध्यापक विनोदकुमार गौतमले विद्यालयको भवन निर्माण, शौचालय निर्माणमा अनियमितता गरेको छात्रवृत्तिको लागि निकासा भएको रकमबाट आंशिक छात्रवृत्ति वितरण गरेको, शौचालय निर्माण नगरेको र भवन अधुरो निर्माण गरी भ्रष्टाचार गरेकोले छानबिन गरी आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरीको आधारमा अनुसन्धान हुँदा निजले निकासा भएको रकममध्ये रु.३,२२,२४०।७७ (तीन लाख वाइस हजार दुइ सय चालीस रुपैंया सतहत्तर पैसा) बदनियतपूर्वक हिनामिना, हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु.३,२२,२४०।७७ (तीन लाख वाइस हजार दुइ सय चालीस रुपैंया सतहत्तर पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना एवं कैद सजाय हुन र निजले खाइमासेको बिगो रु.३,२२,२४०।७७ (तीन लाख वाइस हजार दुइ सय चालीस रुपैंया सतहत्तर पैसा) निजवाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम असुल उपर हुन समेतको मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता